## ESOL (एसोल) कक्षाहरु कसको लागि हुन?

ESOL (अन्य भाषा बोल्नेहरुको निम्ति अंग्रेजी) पाठ्यक्रमहरु ती व्यक्तिहरुका लागि हो जसको प्रथम भाषा अंग्रेजी नभएर अन्य कुनै हुने गर्छ र जसले संयुक्त अधिराज्य (U.K)मा बसो-बास अथवा काम गर्छन। हाम्रा विद्यार्थीहरु शरण खोज्नेहरु, अध्यागमनकारी कारिन्दा, अथवा यी व्यक्तिहरुका साझेदार/परिवारहरु हुन सक्छन। तिनीहरु स्थायीतवरले बसो-बास गर्ने समुदायका सदस्यहरु पनि हुन सक्छन।

## एउटा ESOL पाठ्यक्रमको आवश्यकता किन?

ESOL पाठ्यक्रमहरुलाई संयुक्त अधिराज्यमा तपाईंको जीवनलाई बढी लाभदायक तुल्याउन तपाईंको अंग्रेजीको स्तरमा सुधार गर्ने दिशामा मद्दत गर्न तथा निम्न कार्यहरुलाई सरल तुल्याउने हिसाबले तयार पारिएको छः

- डाक्टर, शिक्षक, ब्याङ्क अथवा पसलमा सहायकहरु सित बात-चित गर्न
- प्रशासनिक फारमहरु भर्नमा
- ऐन तथा रीतिथितिहरु बुझ्नमा
- आफ्नो नानीलाई होमवर्क गर्न सघाउनमा
- कुनै योग्यता हासिल गर्ने दिशामा अध्ययन अथवा तालिम प्राप्त गर्न
- रोजगारको खोजी अथवा नगरीकताको लागि आवेदन गर्न

## तपाईंले के सिक्नु हुनेछ?

सबै पाठ्यक्रमहरुमा जीवन भरका लागि क्याम्ब्रिज एसोल (Cambridge ESOL) कौशल जाँच प्रणाली अपनाइन्छ र तपाईंलाई भाषा सिक्ने सबै चार सीपहरू - बोल्न, सुन्न, पढ्न र लेख्न - सिकाइन्छ।
तपाईंले होमवर्क गर्नु पर्नेछ र क्लासको समय बाहिर पनि अध्ययन जारी राख्नु पर्नेछ कारण यो शिक्षण प्रणालीको एउटा महत्वपूर्ण अंग हो। तपाईं कलेज को कामको लागि कम्प्युटरहरुको प्रयोग हेतु कलेज शिक्षण केन्द्रमा जान तथा अध्ययन गर्न वा पुस्तक अथवा पत्रिका सापटीमा लिन पुस्तकालय जान सक्नु हुन्छ।

## तपाईं को मूल्याङ्कन कसरी हुन्छ?

शिक्षार्थीका विशेष आवश्यकताहरु पूरा गर्न र उनीहरुले आरम्भ गर्ने शैक्षीक पृष्ठभूमीको आधारमा ESOL पाठ्यक्रमहरु 5 बेग्ला-बेग्लै स्तरहरुमा प्रदान गरिन्छ। पहिले तपाईंको एक जना शिक्षकसित इन्टरभ्यू हुनेछ र अंग्रेजीमा तपाईंको सामुहिक स्तरको निर्धारण निम्ति एउटा जाँच लिइने छ। भाषाका कुन कुन क्षेत्रहरुमा तपाईंलाई सर्वाधिक मद्दतको खाँचो छ त्यसको निदान गर्नको लागि एउटा जाँच हुने छ। त्यस पछि तपाईंलाई तपाईंको स्तरको हिसाबले सबै भन्दा उपयुक्त कक्षामा भर्न गरिने छः

1. प्रवेष्टी 1 आधारभूत
2. प्रवेष्टी 2 प्राथमिक
3. प्रवेष्टी 3 पूर्व-माध्यमिक
4. स्तर 1 माध्यमिक
5. स्तर 2 उच्च माध्यमिक

पाठ्यक्रमको समाप्तिमा विद्यार्थीहरुले क्याम्ब्रिज एसोल (Cambridge ESOL) स्कील्स फर लाइफ सर्टिफिकेट को लागि एक अनिवार्य परीक्षा दिनु पर्ने छ। तपाईंले कुन स्तरको परीक्षा दिनु पर्छ त्यसको निर्णय शिक्षकले तपाईंसित मिलेर गर्ने छन्।

## यस पाठ्यक्रमको अवधि कति लामो छ?

पाठ्यक्रम 10 साता सम्म चल्छ। **विद्यार्थीहरुले सम्पूर्ण पाठ्यक्रम पूरा गर्नु पर्छ र यस अवधिमा कुनै विदा लिनु हुन्न।** यदि तपाईं 10 साता सम्म कक्षामा उपस्थित रहन सक्ने विषयमा निश्चित हुनु हुन्न भने इन्टरभ्यूकै बेलामा शिक्षकलाई जनाई दिनु पर्छ।

## पाठ्यक्रम समाप्त भए पछि तपाई के गर्न सक्नु हुन्छ?

तपाईं अगिल्लो स्तर तर्फ आगि बढ्न सक्यु हुन्छ। सबै पाठ्यक्रमहरुको अवधि 10 साताको हुने गर्छ र विद्यार्थीहरुलाई बर्षमा तीन पल्ट - शरद्, वसन्न र ग्रीष्मकालीन - पाठ्यक्रमहरुमा दाखिला लिने अवसर रहन्छ।

अगाडीको शिक्षा ग्रहण गर्न वा विश्वविद्यालय तर्फ लाग्न वा तपाईंको पेशा को लागि अंग्रेजीमा दक्षताको प्रमाणपत्र आवश्यक छ भने तपाईं इन्टरन्याशनेल इंग्लिश ल्यांगुवेज् टेस्टिंग प्रणाली [International English Language Testing System (IELTS)] पाठ्यक्रम तर्फ आगि बढ्न सक्नु हुन्छ जसले अंग्रेजीमा बोल-चाल वा लेख-पढ गर्ने सामर्थ्यको मूल्याङ्कन गर्छ र यसलाई अनेकौं देशहरुका विश्वविद्यालयहरु र नियुक्तीदाताहरुबाट मान्यता प्राप्त छ।
ESOL क्लासहरुमा अध्ययन पश्चात तपाईंको मनमा ब्यवसायिक वा शैक्षिक योग्यता हासिल गर्न कलेज को कुनै आर्को पाठ्यक्रममा दाखिला लिने इच्छा जागृत हुन सक्छ।

**अधिक जानकारीको लागि 0845 207 8220 मा सम्पर्क गर्नु होस् अथवा www.southkent.ac.uk हेर्नु होस्**